# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

२६ मङ्सिर, २०८१

### सहकारी सम्बन्धमा देखिएका समस्याको सार्थक समाधान खोज

### वचतकर्ताको रकम फिर्ताका लागि ठोस कदम चाल

सहकारी पीडित तथा सहकारी वचतकर्ताहरुले विगत लामो समयदेखि आफ्नो वचत रकम फिर्ता गर्न माग राखी गरिएका प्रदर्शनका क्रममा भएका घटना तथा सरकारद्वारा वचतकर्ताको रकम फिर्ता गर्न ठोस कदम नचालेको प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सहकारीका वचतकर्ताको रकम फिर्ता हुनुपर्दछ र बचतकर्ताहरुको रकम अपचलन गर्ने दोषीलाई कानूनबमोजिम कारवाही हुनुपर्दछ भन्ने कुरामा आयोग दृढ छ ।

यस सम्बन्धमा सहकारी पीडित तथा सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियानका पदाधिकारीहरुले राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगर समक्ष ज्ञापन पत्र समेत वुझाएका छन् । ज्ञापन पत्र वुझ्ने क्रममा आयोगका अध्यक्षले सहकारीको रकम अपचलन र वचत फिर्ता हुन नसकेको सम्बन्धमा आयोगमा दर्ता भएका उजूरीहरुमा आयोगबाट अनुसन्धान भइरहेको र सम्बन्धित पक्षहरुसँग समेत छलफल गरी निष्कर्षमा पुग्ने बताउनुभएको छ ।

विगतमा सरकारले सहकारीका वचतकर्ताको वचत फिर्ता र अपचलनकर्ताहरुलाई कारवाही गर्ने भनी पीडित पक्षसँग सम्झौता गर्नुका साथै समस्या समाधान गर्ने सार्वजनिक रुपमा प्रतिवद्धता जनाए पनि वचत फिर्ता हुन नसक्दा पीडितहरु पटकपटक आन्दोलित हुनुपर्ने अवस्थाको सिर्जना हुनु चिन्ताको विषय हो । यसबाट व्यक्तिको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको हनन् हुनुका साथै न्यायप्राप्तिको अधिकारबाट समेत वञ्चित भएको देखिन्छ । यो विषय लामो समयसम्म अल्मलिँदा मूल विषय विषयान्तर भई पीडितले न्याय नपाउने अवस्थाको सिर्जना हुन सक्नेतर्फ सम्बन्धित सबै गम्भीर हुनुपर्ने देखिन्छ ।

अतः राज्य र पीडितहरु बीच यसअगाडि भएका सम्झौता र सरकारले सार्वजनिक रुपमा गरेका प्रतिवद्धताहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न, शान्तिपूर्ण प्रदर्शन तथा सभा सम्मेलन गर्न पाउने नागरिकको संविधानप्रदत्त अधिकारको संरक्षण गर्न एवम् सहकारी सम्बन्धमा देखिएका कानूनी, नीतिगत तथा अन्य सबै प्रकारका समस्याहरु, खासगरी वचतकर्ताको वचत फिर्ता र दोषीलाई कारवाहीको लागि सार्थक र परिणाममुखी कार्य गरी समयमै यो समस्याको समाधान गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता